जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल ।

**दाना बनाउने मेसिन वितरण कार्यक्रममा सहभागी हुन ईच्छापत्र पेश गर्ने बारेको सूचना ।**

सूचना नं. २/२०८०/०८१
सूचना प्रकाशन मिति :- २०८०/१२/०८
ने.सं. ११४४, चिल्लाथ्व १२ बिहिबार

यस जानकी गाउँपालिका ६ नं. वडा कार्यालय, सुवर्णपुर, कैलालीको आ.ब. २०८०/०८१ को वार्षिक स्वीकृत **बंगुर/ब्रोईलर पालक कृषकहरुलाई प्रोत्साहनका लागि ७५ प्रतिशत अनुदानमा दाना बनाउने मेसिन वितरण कार्यक्रममा** सहभागी हुन ईच्छुक बंगुर/ब्रोईलर पालक कृषक / फार्म/ समूह र सहकारी संस्थाहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र ( मिति २०८०/१२/२२ गते भित्र ) जानकी गाउँपालिकाको पशु सेवा शाखा, दुर्गौली, कैलालीले निर्दिष्ट गरेको ढाँचामा जानकी गाउँपालिका -६ नं. वडा कार्यालय, सुवर्णपुरमा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै म्याद नाघि आएका र रित नपुगेका निवेदन माथि कुनै पनि कारवाहि नगरिने ब्यहोरा अनुरोध छ ।

- **कार्यक्रम संचालन हुने क्षेत्र :-** जानकी गाउँपालिका, ६ नं. वडा, कैलाली ।
- **सहयोग अनुदान :-** दाना बनाउने मेसिन वितरण कार्यक्रममा ७५% ( प्रतिशत ) अनुदान ।
- कम्तीमा ५ वटा माउ बंगुर वा ५०० भन्दा माथि ब्रोईलर कुखुरा पालन गरेको हुनु पर्ने छ ।

पेश गर्नुपर्ने कागजातहरु

- रु. १०।- को हुलाक टिकट टाँस सहितको निर्दिष्ट गरेको ढाँचामा निवेदन ।
- बंगुर/ ब्रोईलर कुखुरा पालन फर्म र सहकारी संस्थाहरुको हकमा दर्ता,सूचिकृत र नविकरण भएको प्रमाण- पत्रको प्रतिलिपि ।
- निवेदकको नेपाली नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
- लालपुर्जा प्रतिलिपि वा जग्गा भाडामा भए १० बर्षको करार सम्झौताको प्रतिलिपि ।
- आ.ब. २०८०/०८१ को मालपोत तिरेको रसिद प्रतिलिपि ।

**थप जानकारीका लागि**
जानकी गाउँपालिका कार्यालय, पशु सेवा शाखा
दुर्गौली , कैलाली ।
मोबाईल नं. :- ९८६३२०२६६९

नर कार्की
शाखा प्रमुख

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

| रु. १० को हुलाक टिकट |
|---|

# अनुदानका लागि आवेदन फाराम

श्रीमान् अध्यक्ष ज्यू
जानकी गाउँपालिका ,
६ नं. वडा कार्यालय,
सुवर्णपुर, कैलाली ।

बिषय :- ...................................................................... ।

महोदय,

सेवामा सबिनय नम्र निबेदन गर्नाको कारण यो छ कि मैले व्यवसायिकरुपमा **बंगुर/ब्रोईलर कुखुरा पालन** गर्दै आईरहेको हुदा तहाँ कार्यालयको मिति २०८०/  /  गते प्रकाशित सूचना अनुसार हाल मलाई **दाना बनाउने मेसिन** आवश्यक भएकोले निम्नानुसार कागजात राखि नियमानुसारको ७५ प्रतिशत अनुदान सहयोगमा उक्त मेसिन उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गर्दछु ।

तपसिल

१. रू. १० को टिकट टाँसेको आवेदन ।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
३. बंगुर/ ब्रोईलर कुखुरा पालन फर्म र सहकारी संस्थाहरुको हकमा दर्ता,सूचिकृत र नविकरण भएको प्रमाण- पत्रको प्रतिलिपि ।
४. व्यवसाय संचालन भएको जग्गाधनी पुर्जा वा ठेक्का भए कम्तीमा १० बर्ष सम्म ठेक्का सम्झौताको आधिकारिक करार पत्र र सम्बन्धित जग्गाधनीको पुर्जाको प्रतिलिपि ।
५. २०८०/०८१ को मालपोत तिरेको रसिदको प्रतिलिपि ।

निवेदक
कृषकको नाम, थरः-
समूह/ फार्मको नाम :-
ठेगानाः-
सम्पर्क फोनः-
दस्तखतः-
फार्मको छाप

CamScanner